# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौंथो अधिवेशन

## (बाह्रौं बैठक)

## मिति : २०७६/०३/०१ दिनको ४.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको ४ बजेर ६ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्वप्रथम माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई नेपालको संविधानको धारा २०७ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको १२९ को उपनियम १ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को राजस्व र व्ययको वार्षिक अनुमान सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

### माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

माननीय सभामुख महोदय, प्रदेश सरकारको तर्फबाट आर्थिक वर्ष २०७६/०७७ को बजेट यस सम्मानित सदनमा प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा म सर्वप्रथम राष्ट्रिय स्वधिनता, स्वतन्त्रता, लोकतन्त्रता, सामाजिक न्याय र परिवर्तनका लागि बलिदान हुने सम्पूर्ण आदरणीय अम्मर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको अग्रगामी परिवर्तनको लागि भएका सबै प्रकारका आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्ने सबै राजनैतिक अग्रज प्रति हृदयदेखि नै सम्मान व्यक्त गर्न चाहन्छु । ऐतिहासीक जन आन्दोलन, जन युद्ध, सशस्त्र विद्रोह र संघर्ष लगाएत सबै प्रकारका त्याग र बलिदानका गौरवपूर्ण गाथालाई स्मरण गर्न चाहन्छु । साथै सबै घाइते, वेपत्ता योद्धा एवम् पिडित परिवार र नागरिकप्रति प्रदेश सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, नेपाल सरकारको समष्टीगत आर्थिक नीति र दिर्घकालीन सोचबाट निर्देशित हुँदै प्रदेश नीति तथा योजना आयोगको आबधिक योजना र मध्यमकालीन

खर्च संरचनाका आधारमा प्रदेश सभाबाट स्विकृत प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गरी बजेट तर्जुमा गरेको छु । यस सम्मानित सभामा प्रस्तुत गरेको विनियोजन बजेट २०७६ का सिद्धान्त र प्राथमिकता तथा माननीय सदस्यहरुबाट प्राप्त सुझाव समेतलाई बजेटको आधार मानेको छु ।

यसका साथै विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा ध्यान दिएको छु । प्रदेशको आर्थिक संमृद्धिको जग तथा समाजवाद उन्मुख अर्थतन्त्रको आधार बलियो बनाउन, नेपाल सरकार तथा स्थानीय तहसँग गरिने लगानी योजना निर्माण र कार्यान्वयनमा एकरुपता अबलम्बन गर्न विशेष ध्यान दिएको छु । सबै प्रकारका विरोध, बहिस्कार, उत्पिडन, बन्चितीकरण र असमानताको अन्त्य गर्नको लागि समन्यायिक वितरण र पुनःवितरणका माध्यमबाट आर्थिक सामाजिक रुपान्तरण हुने गरी बजेट तर्जुमा गरेको छु । बजेट तर्जुमा गर्दा मैले संघ र स्थानीय तहसँग समन्वय र साझेदारी गर्दै उपलब्ध स्रोत र साधनको उपयोग गर्न ध्यान दिएको छु । साथै प्रदेशको अधिकारसूची सार्वजनिक सेवा प्रवाहमा प्रदेश सरकारको भूमिका र सञ्चालित विकास आयोजनाको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालु आर्थिक वर्षका कार्यक्रमलाई आवश्यकता अनुरुप परिमार्जन संशोधन र निरन्तरता दिँदै उच्च, फराकिलो र समावेसी आर्थिक वृद्धि हुने गरी लगानी केन्द्रित गरेको छु । वित्तीय संघीयता अनुरुप प्रदेशले प्राप्त गर्ने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी राष्ट्रिय पुँजी निर्माण र उद्यमशिलता प्रवर्द्धन हुने क्षेत्रमा लगानी केन्द्रित गरेको छु । यो लगानीबाट उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिवी न्यूनिकरण र रोजगारी तथा स्वरोजगारका अवसर वृद्धि गर्दै प्रदेशको विकास र संमृद्धिका प्रमुख लक्ष्य हासिल हुने दिशातर्फ बजेट केन्द्रित गरेको छु ।

प्रदेश सरकारको आन्तरिक राजस्वको आधार कमजोर रहेको वैदेशिक ऋण तथा अनुदान सहायता प्राप्त गर्ने आयोजनाको सम्झौता भई नसकेको अवस्थामा नेपाल सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँडलाई मूल आधार मानि यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १५ बमोजिम प्रदेश सरकारले नेपाल सरकारबाट ऋण लिई प्रदेशका गौरवका आयोजना कार्यान्वयनका लागि विस्तृत आयोजना प्रतिवेदन सहित नेपाल सरकार समक्ष आयोजना प्रस्ताव गर्ने व्यवस्था मिलाएको छु । यस बजेटमा प्रदेशको आफ्नो क्षेत्र अधिकार भित्रको कर तथा गैरकर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।  निर्धारित समयमै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन गर्न सभाव्यता अध्ययन भई तयारी अवस्थामा रहेका

आयोजनालाई बजेट तथा कार्यक्रममा समावेश गर्ने व्यवस्था मिलाएको छु । अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पूँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै प्रशासनिक तथा प्राविधिक क्षमता स्रोत तथा विनियोजनका विचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु । कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्नका लागि बजेट सूचना प्रणाली मार्फत नियन्त्रण गर्ने व्यवस्था मिलाएको छु । यसले गर्दा कुनै क्षेत्रमा स्रोतको अधिकतम वा न्यूनतमको अवस्था नरहने गरी विनियोजनमा सन्तुलन कायम हुने व्यवस्था गरेको छु ।

आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासका अवस्था, स्थानीय साधन स्रोतको उपलव्धता, आवश्यकता र प्राथमिकताका आधारमा स्थानीय तहमा समानुपातिक विकास गर्न प्रदेश सरकारबाट स्थानीय तहमा दिइने सबै प्रकारका अनुदान हस्तान्तरणमा विशेष ध्यान दिएको छु । साथै समपुरक अनुदान, सशर्त अनुदान र विशेष अनुदानका आयोजनालाई समेत बजेटमा समावेश गरी आर्थिक वर्षको सुरुवाती कार्यक्रम सञ्चालन हुने प्रवन्ध मिलाएको छु । संघीय नीतिसँग सामन्जस्यता हुने गरी सार्वजनिक ऋण लगानी तर्जुमा गर्ने र प्रदेशको आवधिक योजनाको आधारमा मध्यमकालीन खर्च संरचनालाई परिमार्जन गर्ने व्यवस्था मिलाएको छु । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन बमोजिम प्रदेश सरकार -ले राजश्व र व्ययको अनुमान प्रस्तुत गर्दा पेश गर्नु पर्ने विवरण समावेश भएको मन्त्रालयगत प्रगती विवरण सम्मानित सदन समक्ष पेश गरेको छु । प्रादेशिक आर्थिक सामाजिक अवस्थाको संक्षिप्त विवरण प्रदेश नीति तथा योजना आयोगबाट जारी भइसकेको छ । चालु आर्थिक वर्षमा नेपालको कुल ग्राहस्थ उत्पादनमा प्रदेशको योगदान ९.४% रहने अनुमान छ । आधारभूत मूल्यमा राष्ट्रिय औषत बृद्धिदर ६.८ प्रतिशत रहेकोमा यस प्रदेशको आर्थिक बृद्धिदर ७.१ प्रतिशत रहेको छ । यसैगरी प्रतिव्यक्ति आयगत आर्थिक वर्षमा १,०२१ (एक हजार एक्काईस) अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष १,०४३ (एक हजार त्रिचालिस) अमेरिकी डलर पुगेको छ । समाजबाद उन्मुख अर्थतन्त्रको निर्माण, परिपूरक कानुन तर्जुमा, भौतिक पूर्वाधारको निर्माण व्यवस्थापन, आन्तरिक स्रोतको आधार विस्तार, उत्पादन र उत्पादकत्व बृद्धि, आयोजनाको प्राथिमिकीकरण, असल शासन प्रवर्द्धन र अन्तर-सरकारी समन्वय हाम्रा प्रमुख चुनौती रहेका छन् ।

सभामुख महोदय, आगामी वर्ष २०७६/०७७ को बजेट देहायका उद्देश्य प्राप्तिमा केन्द्रित रहनेछ ।

क) नीति कानूनको तर्जुमा तथा संगठनात्मक संरचनालाई सुदृढ गर्नु ।

ख) उत्पादन र उत्पादकत्व बृद्धि गरी सबल अर्थतन्त्र निर्माण गर्नु ।

ग) रोजगारीको अवसर सिर्जना गरी गरिबी न्यूनकीकरण गर्नु ।

घ) पूर्वाधार विकासमा समन्यायिक तथा सन्तुलित लगानी गर्नु ।

ङ) संघीयताको लाभ, समानुपातिक समावेशी र न्यायोचित वितरण गर्नु ।

च) आन्तरिक स्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गर्नु ।

छ) संस्थागत क्षमता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्नु । संमृद्ध प्रदेश निर्माणका आधार पर्यटन, उर्जा, कृषि, उद्योग पूर्वाधार सिर्जनशील मानव पूँजी निर्माण तथा विकास सुशासन रहेका छन् ।

आगामी आर्थिक वर्षको बजेटमा देहायमा क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

क) पूर्वाधार विकास

ख) पर्यटन क्षेत्रको एकिकृत विकास

ग) कृषि क्षेत्रको आधुनिकीकरण

घ) जलस्रोतको बहुआयामिक उपयोग तथा नविकरणीय उर्जाको विकास

ङ) उत्पादन मुलुक उद्योग क्षेत्रको विकास

च) स्वास्थ्य शिक्षा र सामाजिक सुरक्षाको ग्यारेन्टी

छ) मानव संसाधनको विकास र सुशासनको प्रत्याभूती

सभामुख महोदय, अब म संघ प्रदेश र स्थानीय तहमा भएका वित्तीय हस्तान्तरणको विवरण चालु आर्थिक वर्षको बजेट खर्चको स्थिति प्रस्तुत गर्न चाहन्छु ।

स्थानीय तहको खर्चको आवश्यकता, राजश्वको क्षमता र प्रदेशको वित्तीय अवस्था समेतको आधारमा स्थानीय तहलाई वित्त समानीकरण अनुदान गराउन रु. १ अर्ब ५ करोड विनियोजन गरेको छु । संघीयताको मर्म र भावना अनुरुप प्रदेश र स्थानीय तह विच सेवा प्रवाह विकास आयोजनामा सहलगानी गर्ने नीति लिएको छु । स्थानीय तहबाट माग भई आएका आयोजनामा समपूरक अनुदन तर्फ रु. २३ करोड ४८ लाख, विशेष अनुदान तर्फ रु. ८ करोड ५० लाख र सशर्त अनुदान तर्फ रु. ४५ करोड ८० लाख विनियोजन गरेको छु । यसै गरी चालु आर्थिक वर्षमा सम्झौता भई कार्यान्वयन भइरहेका १९ वटा स्थानीय तहबाट संचालित समपूरक तथा विशेष अनुदानका योजना मध्ये यस वर्ष सम्पन्न हुन नसक्ने आयोजनाका लागि रु. १३ करोड बजेटको व्यवस्था मिलाएको छु । आगामी आर्थिक वर्षमा जग्गाको बन्दोवस्त भएका तथा प्रशासनिक भवन नभएका स्थानीय तहलाई प्रशासनिक भवन निर्माण गर्न पूँजीगत अनुदान दिने

गरी रु ५० करोड विनियोजना गरेको छु । सवारी साधन कर स्वरुप प्राप्त हुने राजश्व स्थानीय तहको भूगोल जनसंख्या मानव विकास सुचकांक सडकको लम्बाई वन जंगलले ढाकेका क्षेत्र समेतका आधारमा रु. ३५ करोड बाँडफाँड गरी हस्तान्तरण हुने प्रक्षेपण गरेको छु । चालु आर्थिक वर्षका २ अर्व राजश्व परिचालन हुने अनुमान रहेकोमा रु. २ अर्ब ५० करोड संकलन हुने संशोधिन अनुमान छ । नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ६ अर्व ७७ करोड र राजश्व बाँडफाड बापत रु. ६ अर्ब ५७ करोड अनुमान गरिए अनुसार नै प्राप्त भइ रहेको छ । समपूरक अनुदान तर्फ रु. ७१ करोड ४२ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु. ६८ करोड तथा विशेष अनुदान तर्फ रु. ३५ करोड ५० लाख प्राप्त अनुमान गरिएकोमा रु. ६७ करोड ३६ लाख प्राप्त भएको छ । चालु आर्थिक वर्षमा सशर्त अनुदान तर्फ नेपाल सरकारबाट आयोजना फिर्ता हुने र थप हुने क्रम जारी रहेकोले २०७६ जेठ २५ सम्म सिलिङ भन्दा रु. १ अर्ब ७५ करोड थप प्राप्त भई रु. ८ अर्ब २५ करोड कायम भएको छ । जसले गर्दा रु. २४ अर्ब २ करोड अनुमान गरिएकोमा बजेटको आकार बृद्धि हुन गई रु. २५ अर्ब ७७ करोड पुग्ने संशोधित अनुमान छ । अनुदान तथा राजश्व बाँडफाँटका अतिरिक्त सडक तर्फ रु.५२ करोड ५९ लाख सिंचाई तर्फ रु. १७ करोड ९२ लाख र खानेपानी तर्फ रु. २६ करोड ५० लाख गरी जम्मा गरी रु. ९७ करोडको सिधै अख्तियारी प्राप्त भएको छ । यस्ता कार्यक्रमको लागि प्राप्त भएको रकमको प्रतिवेदन सिधै नेपाल सरकारमा पठाउने गरी अख्तियार प्राप्त भएकोले प्रदेश सरकारको बजेट प्रणालीमा समावेश गरिएको छैन । चालु आर्थिक वर्षको जेठ २५ सम्म जम्मा रु.६ अर्ब ११ करोड ७५ लाख खर्च भएको छ जुन रकम सुरु अनुमानको करिब २५% र संशोधित बजेट अनुमानको २४% रहेको छ । चालु तथा पूँजीगत खर्चको प्रवृत्ति विकास आयोजनाको ठेक्का सम्झौता र भुक्तानी तालिका समेतको आधारमा चालु आर्थिक वर्षको अन्त्यसम्ममा करिब ६७% अर्थात रु. १६ अर्ब १३ करोड खर्चहुने संशोधित अनुमान गरिएको छ ।

सभामुख महोदय, अब म क्षेत्रगत रुपमा आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सडक पूर्वाधार**

प्रदेश गौरव आयोजनाको रुपमा रहेका बृहत पोखरा चक्रपथ पोखरा भिमाद दुम्कीवास द्रुत मार्ग निर्माण आयोजनालाई प्राथमिकतामा राखेको छु । साथै शालीग्राम सांस्कृतिक करिडरलाई देवघाट देखि चापाकोटसम्म र राम्दी देखि रुद्रविडी २ खण्डमा निर्माण कार्य सुरु गर्ने, गरी रु. ११ करोड विनियोजन गरेको छु । प्रदेशको राजधानीलाई जिल्ला सदरमुकामसम्म जोड्ने सडक एक निर्वाचन क्षेत्र

एक सडक, स्थानीय तहको वडा केन्द्र जोड्ने क्रमागत सडकलाई प्राथमिकता दिई निर्माण कार्य अगाडी बढाइने छ । यसका साथै अन्य शहरी तथा ग्रामीण सडकलाई स्तरोन्नति गरिनेछ । सडक निर्माणमा स्थानीय तहसँग समन्वय गर्ने व्यवस्था मिलाएको छु । चालु आर्थिक वर्षमा निर्माण सुरु गरिएका सडक पुललाई क्रमगत रुपमा निर्माण गर्दै लैजान र ठूलो नदिमा निर्माण गरिने सडक पुलको डिजाइन एण्ड बिल्ड अवधारण अनुसार निर्माण गरिनेछ । सडक पुल निर्माण गर्नको लागि रु. ८ अर्ब १८ करोड विनियोजन गरेको छु । प्रदेश भित्रका गाउँ बस्तीमा सहज आगामनका लागि २ वर्ष भित्रमा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गर्ने नीति लिएको छु । चालु आर्थिक वर्षमा समावेश गरिएका झोलुङ्गे पुलहरु आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी रु. १२ करोड ५७ लाख बजेटको व्यवस्था गरेको छु ।

**<u>खानेपानी</u>**

आधारभूत खानेपानी नपुगेको गाउँ बस्तिमा खानेपानी पुऱ्याउने कार्यक्रमलाई निरन्तरता दिएको छु । एक घर एक धारा कार्यक्रमलाई समेत अगाडी बढाउने व्यवस्था गरेकोछु । निर्माणाधीन क्रमागत खानेपानी आयोजनाहरुलाई सम्पन्न गर्ने बजेट विनियोजन गरेको छु । यसको साथै प्रदेशको समग्र खानेपानीको गुरु योजना र सबै जिल्लाको जिल्ला प्रोफाइल तयारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु । यस आर्थिक वर्षको निम्ति खानेपानीको लागि रु २ अरब २० करोड विनियोजन गरेको छु । हालसम्म पनि नदि, खोला तथा ताल जस्ता परम्परागत पानीका स्रोतबाट सिधै खानेपानी प्रयोग गरिरहेका स्थानहरुको पहिचान गरी त्यस्ता बस्तिहरुमा यसै आर्थिक वर्षमा खानेपानी सुविधा पुऱ्याउन आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

**<u>सिँचाई</u>**

प्रदेश भित्रको खेतीयोग्य जमिनमा वर्षै भरी सिंचाई सुविधा पुऱ्याउने उद्देश्यले चालु आर्थिक वर्षका क्रमागत सिंचाई आयोजना सम्पन्न गर्न प्राथमिकता दिई बजेटको व्यवस्था मिलाएको छु । सिंचाई तर्फ क्रमागत ११४ र आगामी आर्थिक वर्षका लागि नयाँ छनौट गरिएका १३० गरी जम्मा २४४ सतह सिंचाई योजना र ४० भूमिगत जल सिंचाई योजना, भूमिगत ट्युबल पम्प खरिद र संचालन घर (अपरेशन रु.) निर्माणका लागि जम्मा रु. २ अर्ब ९ करोड विनियोजन गरेको छु । सतह सिंचाई र भूमिगत सिंचाईको सम्भावना नभएका नदी तथा खोला किनारका टार बेसीमा विद्युत तथा सौर्य उर्जामा आधारित लिप सिंचाई योजना तथा नदि किनारबाट २० मिटरसम्मको उँचाईमा रहेको स्थानमा सिंचाई गर्न नयाँ सिंचाई प्रविधि

पम्प सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । प्रदेश भित्रका मुख्य नदी प्रणालीको व्यवस्थापन गर्न गुरुयोजना तयार गरी एकिकृत नदी नियन्त्रण कार्यक्रम संचालन गरिनेछ । नारायणी, बुढीगण्डकी, दरौंदी, मादि, मिर्मि, मर्स्याङ्दी, सेती, बढीगाड, म्याग्दी खोला, अरुण खोला र अन्य खोला तटवन्धन वन्धन निर्माण गर्न नदी व्यवस्थापन सम्वन्धि कार्य संचालन गर्न रु. ३९ करोड विनियोजन गरेको छु । साथै पहिरो नियन्त्रण गरी जोखिमयुक्त बस्तीलाई संरक्षण गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

## उर्जा विकास

पेट्रोलियम पदार्थको प्रयोगलाई प्रतिस्थापन गर्न जलविद्युत तथा वैकल्पिक उर्जाको उत्पादन, उपभोग बढाउन जोड दिएको छु । उज्यालो प्रदेश बढाउने सरकारको प्रतिवद्धतालाई पूरा गर्न सार्वजनिक, नीजि, सहकारी र सामुदायिक क्षेत्रको सहलगानीमा उर्जाको उत्पादन वितरण व्यवस्थापनमा जोड दिएको छु । जलासययुक्त बहुउद्देश्यीय जलविद्युत आयोजनालाई प्राथमिकतामा राखेको छु । गण्डकी प्रदेश उज्यालो प्रदेश घोषणालाई साकार पार्न आगामी आर्थिक वर्षमा राष्ट्रिय प्रशासण लाइन तत्काल पुऱ्याउन नसकिने तथा हालसम्म बत्ति बाल्न आधुनिक उर्जाको पहुँच नपुगेका मनाङ, मुस्ताङ, म्याग्दी, गोरखा, लमजुङका करिब १५०० घरधुरीलाई सहुलियत दरमा र प्रदेश सरकारका ४ वटा मन्त्रालयमा नेट मिटरिङमा आधारित सौर्य उर्जा प्रविधि जडान गर्न करिब रु. ६ करोड रकम विनियोजन गरेको छु । विद्युतको सुविधा नपुगेका नवलपुर, गोरखा, बाग्लुङ, म्याग्दी, मुस्ताङ, मनाङ र कास्की जिल्लाका ३२ वटा स्थानीय तहमा नेपाल विद्युत प्राधिकरण मार्फत संचालन हुने गरी विद्युत विस्तार कार्यक्रमलाई निरन्तरता दिन रु. ५१ करोड विनियोजन गरेको छु । साथै तनहुँ हाइड्रोसँग समन्वय गरी विद्युत नपुगेका तनहुँ जिल्लाको दक्षिणी भेगमा विद्युत विस्तार कार्यक्रम सम्पन्न गर्ने व्यवस्था मिलाएको छु। स्थानीय तहसँगको साझेदारी र सहकार्यमा जिर्ण विद्युतका काठे पुललाई ५ वर्ष भित्र प्रतिस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्ष १५ हजार काठेपुल प्रतिस्थापन गर्न बजेट व्यवस्था गरेको छु । निर्माण सम्पन्न भई संचालनमा आएका ३० वटा लघु तथा साना जलविद्युत आयोजना-लाई मर्मत सम्भार गर्न रु. ३ करोड ५० लाख विनियोजन गरेको छु । प्रदेश भित्र सौर्य उर्जा, वायु उर्जा र जैविक उर्जाको सम्भाव्यता अध्ययनको लागि समेत बजेटको व्यवस्था गरेको छु ।

## शहरी विकास

स्थानीय तहसँगको सहलगानीमा शुरु गरिएका ३० गाउँपालिकाको केन्द्रमा बहु-उद्देश्यीय सामुदायिक सभाकक्षा निर्माणको लागि रु. १९ करोड विनियोजन गरेकोछु ।

यो कार्यक्रमलाई आगामी आार्थिक वर्षक थप १० गाउँपालिकामा विस्तार गरिनेछ । पूर्वाधार सहितको व्यवस्थित शहर र बस्ती विकासका कार्यक्रम संचालन गरिने छ । प्रादेशिक भवन निर्माण संहिता तथा मापदण्ड निर्माण गरी गरी कार्यान्वयनमा ल्याइनेछ । जिल्ला सदरमुकाममा रहेका शहरको बस्तीलाई व्यवस्थित गर्न गुरुयोजना तयार गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । तनहुँ जिल्लाको डुम्रे भन्सार र बाग्लुङ जिल्लाको बुर्तीबाङलाई आधुनिक शहर निर्माण गर्न पूर्वाधार विकास गर्ने नेपालको सरकारको कार्यक्रममा सहकार्य गरिनेछ । पोखरा महानगर नजिकका शहरहरु तनहुँको शुक्लागण्डकी र भिमाद, लमजुङको मध्य नेपाल, स्याङजाको पुतलीबजार, पर्वतको फलेबास र कुश्मालाई उपशहर सेटलाईट सिटीको रुपमा विकास गर्न रु. ३ करोड विनियोजन गरेको छु । स्थानीय तहसँगको साझेदारी र सहकार्यमा महानगरपालिका नगरपालिका तथा नगर उन्मुख पालिकाका आवासीय क्षेत्रलाई व्यवस्थित बनाउन हाउस पुलिङ र ल्याण्ड पुलिङ सम्वन्धित नीति तथा कानूनी व्यवस्था गरी एकिकृत बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिन रु. १६ करोडको व्यवस्था गरेको छु । प्राकृतिक रुपमा दुर्गम र असुरक्षित स्थानमा बसोबास गरिरहेका बस्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी पूर्वाधार सहितको बस्ती विकास गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । प्रदेश सरकारको मुख्य प्रशासनिक केन्द्र, प्रदेश सभा भवन, प्रदेश प्रशिक्षण प्रतिष्ठान र प्रमुख पदाधिकारीहरुको आवास निर्माण कार्य यसै वर्षदेखि सुरु गर्ने गरी रु. १ अर्ब ७० करोड विनियोजन गरेको छु । नवलपुरको कावासोती र अन्य स्थानमा आवश्यक प्रादेशिक कार्यालय निर्माण गर्नका लागि बजेटको व्यवस्था गरेको छु । अन्तर्राष्ट्रिय स्तरको आधुनिक सुविधा सम्पन्न बहुउद्देश्यीय अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण कार्यलाई निरन्तरता दिन बजेटको व्यवस्था मिलाएको छु । भौतिक रुपमा अति विकट र विकासका दृष्टिले पछाडी परेका गोरखाको चुमनुब्रि र धार्चे नवलपुरको हुप्सेकोट र बाग्लुङको ढोरपाटन क्षेत्रको पूर्वाधार विकासका निम्ति आवश्यक बजेट विनियोजन गरेको छु ।

**सडक यातायात**

सहरी यातायातलाई व्यवस्थित गर्न पोखरामा महानगरपालिकासँग सहकार्य गरी अत्याधुनिक मेट्रोबस टर्मिनल तथा प्रदेश बसपार्क निर्माणको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु, सवारी साधन र सवारी यात्रुको आवागमनलाई सुरक्षित तथा भरपर्दो बनाउनका लागि प्रदेश भित्रका मुख्य मुख्य सडक र चोकमा स्तरीय सि.सि.टि.भी. जडान गर्न तथा सडक सुरक्षा सम्वन्धित सचेतना कार्यक्रम संचालनका लागि आवश्यक

बजेटको व्यवस्था गरेको छु । निजी क्षेत्रको सहकार्यमा सवारी परिक्षण केन्द्र मार्फत सवारीको मेकानिकल परिक्षण र सवारी प्रदुषण परिक्षणका लागि मेसिन खरिद गरि सेवा प्रारम्भ गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । नेपाल सरकारसँगको समन्वयमा स्मार्ट लाइसेन्स समयमा नै उपलब्ध गराउनका लागि छपाई मेसिन खरिद तथा व्यवस्थापनको लागि बजेटको व्यवस्था गरेको छु ।

**<u>पर्यटन</u>**

पर्यटन मैत्री कार्यक्रमको माध्यमबाट गुणस्तरीय सेवा र नयाँ पर्यटकीय गन्तव्यको विकास गरी पर्यटकको बसाई अवधि लम्ब्याउने तथा नीजि क्षेत्रको सहकार्यमा पर्यटक र अतिथिको रुपमा सम्मान गर्ने अतिथि देवो भवः अभियानलाई निरन्तरता दिने व्यवस्था गरेको छु । पर्यटन पूर्वाधारको विकास र विस्तार गरी पर्यटन सेवामा सुधार गरिनेछ । प्राकृतिक, साँस्कृतिक र साहसिक पर्यटन समेट्ने गरी पर्यटन क्षेत्रको एकिकृत विकास गर्ने गुरुयोजना तयार गर्न रु. १ करोड विनियोजन गरेको छु । साथै पर्यटन क्षेत्रका कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पर्यटन कार्यालय तथा पर्यटन सूचना केन्द्रको स्थापना गर्न रु. ५ करोड विनियोजन गरेको छु । पर्यटन क्षेत्रलाई प्रदेश संमृद्धिको मुख्य आधारका रुपमा लिइनेछ । सन् २०१९ लाई आन्तरिक पर्यटन वर्ष सम्पन्न गर्न तथा सन् २०२० लाई छिमेकी आकर्षण पर्यटक वर्षको रुपमा मनाउन रु. १ करोड विनियोजन गरेको छु । प्रदेश पर्यटक आकर्षक क्षेत्रको रुपमा घोषणा भएका ११० पर्यटन गन्तव्य मध्ये प्रत्येक जिल्लामा ४ गन्तव्यको छनौट गरी जम्मा ४४ गन्तव्यमा पूर्वाधार विकास गर्न रु. १७ करोड ६० लाख विनियोजन गरेको छु । अराउण्ड अन्नपूर्ण पदमार्ग, धवलागिरी पदमार्ग मिलिनियन ट्र्याक लगायत पदमार्ग, पार्क, उड्डयन तथा भ्यु-टावर निर्माणका कार्यक्रमलाई निरन्तरता दिन रु. १८ करोड विनियोजन गरेको छु । चालु आर्थिक वर्षमा होमस्टे संचालित प्रवर्द्धन कार्यक्रमलाई परिमार्जित गर्दै संचालन गर्न रु. २५ करोड विनियोजन गरेको छु ।

**<u>कृषि क्षेत्र</u>**

आगामी ५ वर्षभित्र खाद्यान्नमा आत्मर्निभर हुने गरी कृषि क्षेत्रको आधुनिकिकरण, व्यवसायीकरण र यान्त्रिकीकरण कार्यक्रमलाई निरन्तरता दिइने छ । उन्नत विउ बिजन, मलखादको व्यवस्था तथा सिंचाईको प्रवर्द्धन गर्दै उन्नत खेती, उच्च मूल्यका बालीको बिकास गर्न बजेटको व्यवस्था गरेको छु । गरिबी निवारण र रोजगारी सृजनाका लागि स्थानीय तहमा मुख्यमन्त्री जलवायु मैत्री नमूना कृषि गाउँ स्थापना गर्ने कार्यक्रमलाई परिमार्जन सहित विस्तार गर्न रु. १६ करोड ८९ लाख बजेटको व्यवस्था मिलाएको छु । कृषि पेशामा लागेका व्यक्तिलाई थप प्रोत्साहन गर्न कृषि बाली, फलफुल, पशुपंक्षी तथा मत्स्य विमालाई प्रभावकारी बनाउन आवश्यक

व्यवस्था मिलाएको छु । जोखिम न्यूनिकरण गर्नको लागि कृषक र बिमा कम्पनीसँग समन्वय गरी प्रतिफलमा बिमा कार्यक्रम कार्यान्वयन गर्न बजेटको व्यवस्थापन गरेको छु । कृषि तथा पशुपंक्षी व्यवसायलाई प्रवर्द्धन गर्न कृषकले बैंकबाट लिएको ऋणको ब्याज भुक्तानीमा अनुदान उपलब्ध गराउन रु. ३ करोड विनियोजन गरेको छु । प्रदेश दुग्ध विकास बोर्ड स्थापनाको लागि बजेट विनियोजन गरेको छु । कृषि बाली, फलफूल, पुशुपंक्षी र मत्स्यका व्यवसायिक मोडल फर्ममा प्रदान गर्दै आएको अनुदान कार्यविधिलाई कार्यविधिमा परिमार्जित गर्ने व्यवस्था मिलाएको छु ।

पशुप्रजननका लागि उन्नत नश्लका पशु आयात गर्ने । फलफूलको हाइटेक नर्सरी स्थापना गर्ने र टिस्यु कल्चर प्रविधिको अवलम्वन गरी समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । मौसमी तथा बेमौसमी कृषि उपजको संरक्षण र सरक्षित भण्डारणका लागि मुस्ताङ, म्याग्दी, बाग्लुङ, पर्वत, नवलपुर र तनहुँमा कोल्डस्टोर निर्माण गर्न रु. ९ करोड विनियोजन गरेको छु । व्यवसायिक कृषिमा आवद्ध भएकालाई ज्ञान, सीप र दक्षता अभिवृद्धि गराउन कृषक तालिम कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरेको छु । कृषि तथा पशुपंक्षीजन्य महामारी रोग नियन्त्रण र दैवीप्रकोपबाट हुने क्षतिको न्यूनीकरण र राहतको कार्यक्रमको लागि निरन्तरता दिन आवश्यक बजेटको व्यवस्थाको मिलाएको छु । किसानसँगको साझेदारीमा साना तथा नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना पहिचान गरी संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु । भू-उपयोग नीति तर्जुमा गरी कृषियोग्य भूमि विस्तारको लागि चक्लावन्दी, खेति तथा करार खेतीलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु । एकीकृत भू-उपयोग नीति अनुरुप बस्ती विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु । मनाङ, मुस्ताङ उत्तरी गोरखा लगायत अन्य क्षेत्रमा उन्नत जातका स्याउका विरुवा वितरण गर्न रु. ४ करोड ५० लाख विनियोजन गरेको छु । अर्गानीक कृषि उपजको उत्पादन र उपभोग बढाउन विषादीयुक्त खाद्यान्न उत्पादन र उपभोग गर्ने संस्कृतिको विकास गर्न कृषक तथा उपभोक्तालाई उत्पिडित गर्ने कार्यक्रमका लागि बजेटको प्रबन्ध गरेको छु ।

विषादीको प्रयोगलाई न्यूनीकरण गर्न प्रदेशको प्रवेश विन्दु तनहुँको आँबुखैरेनी र स्याङ्जाको राम्दीमा द्रुत विषादी अवशेष परिक्षण प्रयोगशाला स्थापना भइसकेकोले यसको पूर्वाधार निर्माण र संचालनका लागि थप बजेटको व्यवस्था मिलाएको छु । स्थानीय तहसँगको सहकार्यमा स्वच्छ मासु उत्पादन तथा वितरणको प्रवन्ध गर्न १० स्थानमा आधुनिक वधशाला निर्माण गर्ने व्यवस्था मिलाएको छु । फ्रेस हाउस सुधार कार्यक्रम समेतका लागि बजेटको व्यवस्था गरेको छु । साथै पोखरामा

आधुनिक वधशाला निर्माण गर्न पोखरा महानगरपालिकासँग साझेदारी गर्ने प्रवन्ध मिलाएको छु ।

**सहकारी**

सहकारी क्षेत्रको नियमन र पूँजी परिचालनको माध्यमबाट सहकारी क्षेत्रलाई वित्तीय उत्प्रेरकका रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु । साथै एक सहकारी, एक नमूना उत्पादन कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु । प्रदेश सरकारी सहकारी रजिष्टरको कार्यालय स्थापना गरी सहकारी क्षेत्रलाई नियमन र व्यवस्थापन गर्न आवश्यक बजेटको विनियोजन गरेको छु ।

**औद्योगिक क्षेत्र**

नवलपुरको लोकाहा खोला र पोखराको भोटेपोखरीमा प्रदेश औद्योगिक क्षेत्र स्थापना गर्न पूर्वाधार विकासका लागि रु. २ करोड विनियोजन गरेको छु । स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह, एक औद्योगिक ग्रामको स्थापना कार्यक्रमको लागि

निरन्तरता दिँदै रु. ६ करोड विनियोजन गरेको छु । कुमाल, दलित समुदाय र अन्य जातिका परम्परागत ज्ञान र सीपमा आधारित हस्तकला, घरेलु साना तथा लघु उद्योगलाई प्रवर्द्धन गर्नका लागि रु. १ करोड विनियोजन गरेको छु । खानी विभागसँग समन्वय गरी प्रदेश भित्र रहेका फलाम, तामा, खरीढुंगा, स्लेट जस्ता बस्तुहरुको उत्खननका निम्ति सम्भाव्यता अध्ययन गर्न बजेटको व्यवस्था गरेको छु । स्याङ्जा, तनहुँ, कास्की, नवलपुर, बाग्लुङ, म्याग्दी, लमजुङ, गोरखा र पर्वतमा नयाँ हाइटेक, वन नर्सरी स्थापना र संचालन गर्न रु. १ करोड ६० लाख विनियोजन गरेको छु । खुला बजार प्रणालीका विकृति नियन्त्रण गर्न माग र आपूर्तिका आधारमा मूल्य निर्धारण हुने वातावरण सिर्जना गर्न र बजारमा खरिद बिक्री हुने माल बस्तुको उपलव्धता र गुणस्तर परिक्षण गर्न बजार अनुगमन प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउन बजेटको व्यवस्था गरेको छु ।

**वन वातावरण**

वन डढेलो नियन्त्रण कार्यक्रम समुदायमा आधारित वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिएको छु । साथै वनमा आधारित ठुला तथा मझौला उद्योग प्रवर्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था गुरेको छु । पोखरा महानगरपालिका अन्तर्गत पञ्चभैयामा अन्तर्राष्ट्रिय स्तरको प्रणाली उड्ड्यन स्थापना गर्न विस्तृत आयोजना प्रतिवेदन तयार गरी स्थापनाको कार्य प्रारम्भ गर्न रु. ४ करोड बजेटको व्यवस्था गरेको छु । साथै पञ्चभैया वन्यजस्तु उद्धार केन्द्रको लागि रु. १ करोड विनियोजन गरेको छु । जैविक विविधता संरक्षणका लागि नयाँ संरक्षण क्षेत्रको सम्भाव्यता अध्ययनका लागि बजेट

विनियोजन गरेको छु । वन तथा वन्यजन्तु संरक्षण कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरेको छु । स्थानीय तहसँगको सहकार्यमा अति महत्वपूर्ण तथा संवेदनशील जलाधार क्षेत्र, तालको एकीकृत जलाधार, क्षेत्रको संरक्षणमा भूसंरक्षण कार्यक्रमका लागि बजेटको व्यवस्था गरेको छु । जलवायु अनुकुलन र पर्यावरण संरक्षणका कार्यक्रमलाई जोड दिएको छु ।

जलवायु परिवर्तनका कारण वातावरणमा परेको असरको अध्ययन गर्न बजेटको व्यवस्था मिलाएको छु । आगामी ५ वर्षभित्र १ नागरिक एक फलफूल, जडिबुटी र सोभनीय प्रजातिको विरुवाको वृक्षारोपको कार्यक्रम संचालन गरी सफा वातावरण स्वस्थ जीवनका लागि बजेटको व्यवस्था गरेको छु । परम्परागत खानेपानकि स्रोत र मुहानको संरक्षण गर्दै गाउँबस्तीमा रहेको पुराना एवं जिर्ण अवस्थाका कुँवा तथा पोखरी मर्मत तथा संरक्षण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु । विद्युतीय सवारी साधन प्रयोगलाई प्रोत्साहन गरी वातावरणीय स्वच्छता कायम गर्ने व्यवस्था मिलाएको छु । नीजि क्षेत्रसँगको सहकार्यमा प्रदेश भित्रका लोकमार्गमा विद्युतीय चार्जीङ स्टेशन स्थापना गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । विज्ञान तथा प्रविधिको क्षेत्रमा आविष्कार अध्ययन अनुसन्धानमा संलग्न व्यक्ति तथा संस्थालाई प्रोत्सहान तथा सम्मान गर्ने व्यवस्था मिलाएको छु । साथै विज्ञान प्रविधिको अध्ययन अनुसन्धान गर्न विज्ञान तथा प्रविधि स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## सुचना र संचार

पोखरा महानगरपालिका वडा नं. १८ स्थित जामुनबोटमा प्रदेश सूचना प्रविधि पार्क स्थापनाका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न बजेट विनियोजन गरेको छु । प्रदेश भित्र संचालनमा रहेका संचार माध्यमलाई दर्ता अभिलेख, अनुमति, नवीकरण, नियमन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । घर घरमा स्तरीय संचार सञ्जाल पुऱ्याउन नीजि र स्थानीय तहसँग सहकार्य गरी सार्वजनिक नीजि साझेदारीमा अप्टिकल फाइबरको माध्यमबाट ब्रोडब्याण्ड नेटवर्क विस्तार गरी इन्टरनेटको प्रयोगलाई सरल, सहज, सर्वशुलभ र पहुँचयोग्य बनाउन रु. १ करोड विनियोजन गरेको छु ।

## शिक्षा

सबै नागरिकलाई सर्वशुलभ र गुणस्तरीय शिक्षाको व्यवस्था गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको छु । शिक्षालाई वैज्ञानिक, व्यवसायिक बनाउन विशेष व्यवस्था मिलाएको छु । शैक्षिक नीति, नियम र मापदण्डका आधारमा शैक्षिक संस्थाको नियमन गर्ने व्यवस्था मिलाएको छु । आगामी २ वर्ष भित्र प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गर्न रु. ५ करोड विनियोजन गरेको छु । उच्च शिक्षामा दक्ष तथा

व्यवसायिक जनशक्ति उत्पादन गर्न सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिकामा गण्डकी विश्वविद्यालयको स्थापना र संचालन गर्न रु. १० करोड ४० लाख विनियोजन गरेको छु । प्रदेश भित्र दक्ष प्राविधिक, व्यवसायिक, उद्यमशील जनशक्ति उत्पादन गर्न स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिकामा गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना गरी यसै वर्षदेखि संचालनमा ल्याउन रु. ४ करोड ५० लाख विनियोजन गरेको छु ।

सामुदायिक विद्यालयमा संचालन ३६ वटा प्रारम्भिक बालविकास केन्द्रको स्तरोन्नती गर्न रु. १ करोड ८० लाख विनियोजन गरेको छु । साथै प्रदेश भित्र ३६ वटा सामुदायिक विद्यालयलाई आदर्श विद्यालयको रुपमा रुपान्तरण गर्न रु. १ करोड ८० लाख विनियोजन गरेको छु । स्थानीय तहसँगको सहकार्यमा चालु वर्षमा तयार भएको विस्तृत परियोजना प्रतिवेदनका आधारमा प्रदेशका दुर्गम तथा हिमाली क्षेत्रका ७ वटा सामुदायिक विद्यालयलाई आवासीय विद्यालयको रुपमा रुपान्तरण गर्न र विद्यार्थीलाई आवासीय विद्यालय सहित आवास निर्माणको निम्ति रु. ४ करोड विनियोजन गरेको छु ।

बालबालिकाको चौतर्फि विकासमा सहयोग पुऱ्याई उनीहरुमा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्न प्रदेश अन्तर्गतका ३६ माध्यमिक विद्यालयलाई विशेष विद्यालयको रुपमा विकास गर्न बजेटको व्यवस्था गरेको छु । साथै माध्यमिक तहमा विज्ञान विषय पढाउने ११ र १२ विद्यालयलाई प्रोत्साहित गर्न रु. ३ करोड ६ लाख विनियोजन गरेको छु । अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने विद्यालयलाई शिक्षण प्रविधिको व्यवस्थापन गरी शिक्षण सिकाईमा सहयोग गर्न आवश्यक व्यवस्था मिलाएको छु । साथै प्रदेशको आवश्यकता बमोजिम शिक्षक तालिम उपलवध गराउने व्यवस्था मिलाएको छु ।

मातृभाषामा पाठ्यक्रम निर्माण एवं माध्यमिक तहका ऐच्छिक विषयहरुमा पर्यटन, कृषि, जडिबुटी र पेशा व्यवसायी संघ सम्वन्धित पाठ्यक्रम र पाठ्यपुस्तकको नमूना विकास गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा आम नागरीकको पहुँचमा पुऱ्याउन प्रदेश सरकार प्रतिवद्ध छ । स्वास्थ्य विमा कार्यक्रम तथा आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य सचेतना कार्यक्रमलाई आम नागरिकको घर दैलोमा पुऱ्याउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु । खोपकोषलाई निरन्तरता दिन थप रु. ५० लाख विनियोजन गरेको छु । क्यान्सर, मुटु र मिर्गौला रोगको लागि प्रदेशभित्र अत्याधुनिक र सुविधासम्पन्न विशिष्टिकृत अस्पताल स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । मिर्गौला पिडित विरामीका लागि विभिन्न जिल्लामा डायलासिस सेवा उपलब्ध गराउने उद्देश्यले पर्वत, म्याग्दी, स्याङ्जा, गोरखा र लमजुङमा डायलासिस् सेवा सञ्चालनका

लागि रकम विनियोजित गरेको छु । पोखरा नर्सिङ् क्याम्पसलाई अस्पताल भवन निर्माणका लागि अनुदान स्वरुप रु. १ करोड विनियोजित गरेको छु ।

मानव सेवा आश्रम, वृद्धाआश्रम, जेष्ठ नागरिक दिवा सेवाकेन्द्र सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । साथै योग, ध्यान, साधनाको माध्ययमबाट नागरिकलाई आरोग्यता प्रदान गर्नको लागि आध्यात्मिक संघ संस्थाको समन्वयमा कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । मातृशिशु स्वास्थ्य सुधार ल्याउन र बाल मृत्यूदर घटाउन प्रदेश भित्र महिला तथा बाल अस्पताल निर्माण कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था गरेको छु । पारिवारिक स्वास्थ्य कार्यक्रम एकिकृत स्वास्थ्य शिविर पाठेघर खस्ने महिलाको शल्यक्रियाद्वारा उपचार व्रर्थिङ् सेन्टरको स्थापना गर्न बजेटको व्यवस्था मिलाएको छु । दुर्गम तथा विकट क्षेत्रका गर्भवति तथा सुत्केरीको जटिलता व्यवस्थापनको लागि सुविधासम्पन्न अस्पतालमा सेवा प्राप्तिका लागि एयर लिफ्टिङ्ग सुविधा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु । विस्तृत आयोजना प्रतिवेदन तयार भई ठेक्का सम्झौताको क्रममा रहेका मुस्ताङ, मनाङ, नवलपुर, कास्की र पर्वत जिल्लाका अस्पताल भवन निर्माण कार्यलाई निरन्तरता दिन रु. १५ करोड रुपैयाँ बजेट छुट्टयाएको छु । गण्डकी क्षेत्रीय अस्पतालमा बहिरङ्ग सेवा सञ्चालन गर्न थप नयाँ भवन निर्माणको लागि रु. २ करोड विनियोजन गरेको छु । क्षयरोग, कुष्ठ रोग, औंलो, एच.आई.भि. एड्स जस्ता रोगका एकिकृत सर्भिलेन्स कार्यक्रम संचालन गर्न र दुर्गम तथा ग्रामीण क्षेत्रलाई लक्षित गरी स्थानीय तहको समन्वयमा समुदाय स्तरको स्वास्थ्य शिविर तथा स्क्रिनिङ् सञ्चालनको लागि रु. १ करोड १० लाख विनीयोजन गरेको छु ।

प्रदेश भित्रका जिल्ला अस्पतालको स्तरोन्नति, क्षमता अभिवृद्धि, औषधी तथा उपकरण खरिदका लागि पूँजीगत अनुदानको व्यवस्था मिलाएको छु । प्रदेश राजधानीमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको स्वास्थ्य प्रयोगशाला स्थापना गर्ने व्यवस्था मिलाएको छु । साथै आवश्यकता अनुसार थप नयाँ स्थानमा ब्लड बैंक स्थापना गर्न बजेट विनियोजन गरेको छु । संघ तथा स्थानीय तहसँगको समन्वयमा र सहकार्यमा आयुर्वेदिक औषधी उत्पादन केन्द्रको स्थापनाका लागि बजेट विनियोजन गरेको छु । राजमार्गमा बढ्दै गएको सडक दुर्घटनाबाट हुने घाईतेको तत्कालै प्राथमिक उपचार गर्न दमौली अस्पताल, वालिङ् प्राथमिक स्वास्थ्य केन्द्र र डिम्वुआ स्थास्थ्य चौकीलाई हाइवे मोबाईल अस्पतालको रुपमा संचालन गर्न बजेटको व्यवस्था गरेको छु । नवलपुर जिल्ला अस्पताल र डेढगाउँ स्वास्थ्य केन्द्रमा सर्पदंश उपचार केन्द्र स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## युवा तथा खेलकुद

कानूनको तर्जुमा गरी प्रदेश खेलकुद एकेडेमीको स्थापना गर्न रु. १ करोड विनियोजन गरेको छु । अन्तर्राष्ट्रिय स्तरको बहुउद्देश्यीय रङ्गशालाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण गर्न रु. १ करोड विनियोजन गरेको छु । स्थानीय तहसँगको समन्वयमा गाउँपालिकामा १ स्थानीय तह १ खेल मैदान र नगरपालिकामा रङ्शाला निर्माणको लागि रु. ४ करोड ४० लाख विनियोजन गरेको छु । पोखरा रङ्गशाला भित्र रहेको क्रिकेट मैदानको सुधार र संरक्षण गर्न रु. २ करोड विनियोजन गरेको छु । साथै पोखरा महानगरपालिका वडा नं. ३३ मा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान तथा दिप लामाचौरमा गल्फ कोर्ट निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । मुस्ताङ जिल्लाको बारागाउँ मुक्ती क्षेत्र गाउँपालिकामा हाईअल्टीच्यूट ट्रेनिङ् सेन्टरको विस्तृत परियोजना प्रतिवेदनको तयार गरी निर्माण कार्यको थालनी गर्न रु. १ करोड पचास लाख व्यवस्था गरेको छु । युवाको क्षमता अभिवृद्धि गर्न तथा राष्ट्र निर्माणमा सरिक गराउन युवा नीति, नियम र कानूनको तर्जूमा गरि कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु । युवकको उद्यमशिलता अभिवृद्धि गर्न र प्रदेशको आर्थिक संमृद्धि हासिल गर्न युवा लक्षित चुनौती कोषका लागि रु. ५ करोड विनियोजन गरेको छु ।

## भाषा संस्कृति

इतिहास, धर्म, संस्कृति, भाषा, लिपी र जातीय विविधता जगेर्ना र प्रर्वधन गर्न विभिन्न संग्रहालय निर्माण गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु । साथै पुरातात्विक महत्वका मन्दिर, गुम्बा, मस्जीद र चर्चको मर्मत सम्भार गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । भाषा साहित्य, कला संगित र संस्कृतिको संरक्षण र विकासका लागि प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना गर्न रु. १ करोड विनियोजन गरेको छु । बहुपहिचान युक्त संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै स्थानीय तह र समुदायसँगको साझेदारी र सहकार्यमा बहुसांस्कृतिक ग्राम निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न रु. १ करोड विनियोजन गरेको छु । गुरुयोजनाको आधारमा गोरखाको लिगलिगकोटमा ऐतिहासिक संग्रहालयको स्थापना गर्न रु. १ करोड व्यवस्था गरेको छु । तमु जातिको ऐतिहासिक सभ्यता, क्होलोसोंथारको संरक्षण र संम्बर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । प्रदेश संग्रहालयको भौतिक पूर्वाधार निर्माण गर्न र अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रदेशको मान सम्मान र गौरव उच्च पार्ने तथा विशिष्ट योगदान दिने प्रदेश भित्रका

उत्कृष्ट व्यक्ति एवं संस्थालाई सम्मान सहित पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

**श्रम तथा रोजगार**

प्रदेश स्तरीय तालिम सम्बन्धी नीति र कानूनको तर्जुमा गरिनेछ । बजारमा उपलब्ध जनशक्तिको लागि माग र आपुर्ति बिच सन्तुलन कायम गर्ने नीति लिईने छ । तालिमको आवश्यकता पहिचान गरि लामो र छोटो अवधिका शीपमूलक तलिम कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था मिलाएको छु । युवाको शीप र क्षमतालाई उत्पादनमूलक क्षेत्रमा सहभागी गराउन प्रदेश भित्रका सबै जिल्लामा उद्यमशिलता विकास तालिम दिने व्यवस्था मिलाएको छु । परम्परागत शीपमा आधारित व्यवसाय प्रवर्द्धनको लागि सहयोग कार्यक्रम अर्न्तगत बैंकबाट लिएको ऋणको व्याज अनुदान दिने व्यवस्था मिलाएको छ । गलैंचा र पस्मिना जस्ता उच्च मूल्यमा निर्यात सम्भावना भएका वस्तुको उत्पादनमा सहयोग पुऱ्याउन यस्ता उद्योग लाई आवश्यक पर्ने जनशक्तिको लागि तालिम दिने व्यवस्था मिलाएको छु । साथै विपन्न महिला तथा लक्षित वर्गका लागि उद्यम प्रवर्द्धन गर्न आवश्यक आर्थिक सहयोग गर्ने व्यवस्था मिलाएको छु । प्रदेश भित्र कम्तिमा १० हजार जनालाई रोजगारी सृजना हुने गरी शीपमूलक तालिम सञ्चालनको लागि रु. १७ करोड ६५ लाख विनियोजन गरेको छु ।

**सामाजिक सुरक्षा र महिला सशक्तिकरण**

स्थानीय तहसँगको समन्वयमा हिंसा प्रभावित व्यक्तिको लागि म्याग्दी, पर्वत, स्याङ्जा, गोरखा, लमजुङ्, नवलपुरमा पुर्नस्थापना केन्द्र स्थापना गर्न रु. १ करोड विनियोजन गरेको छु । यसका साथै श्रमिक तथा जोखिममा परेका बालबालिकाको लागि पुनःस्थापना केन्द्र तथा बालमैत्री कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । प्रदेश भित्र निर्माण हुने सबै प्रकारका सार्वजनिक पूर्वाधारलाई अपाङ्गता मैत्री बनाउने व्यवस्था मिलाएको छु । महिला बालबालिका जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु । पोखरा महानगरपालिकासँगको सहकार्यमा फेवाताल संरक्षण तथा पार्क निर्माणको कार्यक्रमलाई निरन्तरता दिँदै बसुन्धरा पार्कमा गणतन्त्र स्मारक पार्क सहितको अत्याधुनिक पार्क स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

**सुशासन**

प्रदेशमा निजामति सेवा, प्रहरी सेवा, अन्य सरकारी तथा संगठित संस्थाका कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेद्वार छनौट गर्न प्रदेश लोकसेवा आयोग गठन गरिनेछ । आगामी आर्थिक वर्ष भित्रै प्रदेश निजामति सेवा कानून तर्जुमा गर्न र प्रदेश लोकसेवा आयोग संचालनका लागि रु. ७ करोड विनियोजन गरेको छु । सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन कार्यलाई प्रविधिमैत्री र पारदर्शी बनाउन विद्युतीय प्रणालीको विकास गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । गुनासो सुनुवाई सम्बोधन गर्न हेलो मुख्यमन्त्री कार्यक्रमलाई स्थानीय तहसम्म विस्तार गरिनेछ । मुख्यमन्त्रीको प्रत्यक्ष नियमन र निर्देशनमा रहने गरी सेवा प्रवाह, सदाचार, प्रवर्द्धन र विकास आयोजना तथा कार्यक्रमको अनुगमन र मुल्याङकन गर्न विद्युतीय प्रणालीयुक्त विशेष कक्षा Action Room को निरन्तर संचालन गर्ने व्यवस्था मिलाएको छु । सरकारको सोच, लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम तथा उपलब्धिका बारेमा जनतालाई प्रत्यक्ष रुपमा जानकारी गराउने तथा जनताबाट पृष्ठपोषण लिने उद्देश्यले जनतासँग मुख्यमन्त्री टेलिभिजन कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु । प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्यूरो र प्रहरी तालिम प्रतिष्ठानको गठन गरी प्रहरी प्रशासनलाई आधुनिक, व्यवसायिक, र दक्ष बनाइने छ ।

सबै प्रकारका अपराध नियन्त्रण गर्न तथा शान्ति सुरक्षालाई भरपर्दो विश्वसनीय र प्रभावकारी बनाउन रु. १० करोड विनियोजन गरेको छु । चालु आर्थिक वर्षमा सुरु भएको प्रदेश भित्रका विभिन्न स्थानमा रहेका इलाका प्रहरी कार्यालय र प्रहरी चौकी निर्माणको कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षका लागि रु. २२ करोड ५० लाख बजेटको व्यवस्था मिलाएको छु । साथै यसका निम्ति कार्यप्रगतिका आधारमा आवश्यक पर्न जाने रकम उपलब्ध गराउने व्यवस्था समेत मिलाएको छु । सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण कार्य पारदर्शी, मितव्ययिता र सुशासन प्रवर्द्धन र प्रविधिमैत्री बनाउन विद्युतीय सफ्टवेयर उपयोगमा जोड दिइने छ ।

प्रदेश सरकारका सबै निकायबाट सफ्टवेयर खरिद गर्दा सुरक्षा गुणस्तर अभिलेख इन्टरफेस जस्ता पक्षहरुमा एकरुपता नुहुने भएकोले आगामी आर्थिक वर्षदेखि विद्युतीय सफ्टवेयरको खरिद कार्यमा एकरुपतामा गुणस्तर व्यवस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकद्वार प्रणालीबाट कार्यान्वयन गर्न बजेटको व्यवस्था मिलाएको छु । गोरखा, मनाङ र मुस्ताङमा विपत उद्दार केन्द्र स्थापना गर्नका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु । प्रदेशका महत्वपूर्ण विकास

आयोजना र कार्यक्रमको प्रदेश नीति तथा योजना आयोगबाट नियमित रुपमा अनुगमन र मुल्याङ्कन गर्ने प्रणालीको विकास गर्न तथा प्रदेश र स्थानीय तहबाट सहलगानीमा सञ्चालित अयोजना तथा कार्यक्रमको प्रगति समिक्षा गर्ने व्यवस्था मिलाएको छु। बजेटको प्रभावकारी कार्यान्वयन गर्नको लागि आर्थिक मामिला तथा योजना मन्त्रीको संयोजकत्वमा बजेटको मासिक प्रगति समिक्षा गरिनेछ । साथै प्रत्येक २ महिनामा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश स्तरीय विकास समस्या समाधान समितिले कार्यक्रमको प्रगति समिक्षा गर्ने व्यवस्था मिलाएको छु । नेपाल सरकारबाट समायोजन भई आएका प्रदेश सरकारको नियुक्त सरकारले नियुक्त गरेका र प्रदेश सरकारले सरुवा व्यवस्था गर्नुपर्ने स्थानीय तहका कर्मचारीको विवरण अद्यावधिक गर्न गण्डकी प्रदेश कर्मचारी व्यवस्थापन सूचना प्रणाली विकास गरिनेछ।

प्रदेश सरकारको संगठन संरचना, प्रशासन सुधार र अभिलेख व्यवस्थापन गर्न बजेटको व्यवस्था गरेको छ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्न तथा कर्मचारीलाई उत्प्रेरित गर्न विदा पर्यटन अवधारणाको सुरुवात गरिनेछ । यस्तो सुविधा प्रदेश सरकारबाट स्विकृत कार्यविधिबाट संचालन गर्न बजेटको व्यवस्था मिलाएको छु । नेपाल सरकारबाट निजामती कर्मचारीका लागि घोषणा गरिएको तलब वृद्धि दरमा एकरुपता हुने गरी प्रदेश सरकारमा कार्यरत कर्मचारीको तलब वृद्धि समायोजन गरिनेछ । प्रदेश सरकारको तहगत संरचना अनुसार तलब स्केल कायम गरिने छ । साथै प्रदेश सरकारले गठन गरेका नयाँ संरचना अनुसारका पदहरुमा पदपूर्ति गर्ने व्यवस्था मिलाएको छु। विकास निर्माणका कार्यक्रम छनौट कार्यान्वयन र अनुगमन कार्यमा प्रदेश सभाका सदस्यहरुको भूमिकालाई प्रभावकारी बनाउन तथा प्रदेशको सन्तुलित विकासका निम्ति कार्यविधि निर्माण गरी निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन गर्न रु. ७२ करोड विनियोजन गरेको छु। साथै जिल्ला समन्वय समितिको अनुगमन कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु। संघसँगको समन्वयमा प्रदेशका ठूला तथा गौरवका आयोजनामा स्वदेसी तथा विदेशी लगानी आकर्षित गर्न र कार्यान्वयनको प्रभावकारी अनुगमनका लागि प्रदेश विकास प्राधिकरण स्थापना र सञ्चालन गर्न रु. १५ करोड विनियोजन गरेको छु।

सभामुख महोदय, अब म बजेटमा उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु। आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु. ३२ अरब १३ करोड ४७ लाख ९२ हजार खर्च हुने अनुमान गरेको छु। जस मध्ये चालु तर्फ रु. १२ अरब २८ करोड ५७ लाख ७२ हजार र पूँजिगत तर्फ रु. १९

अरब ९४ करोड ९० लाख २० हजार विनियोजन प्रस्ताब गरेको छु। कुल बजेटमा पूँजिगत तर्फ विनियोजित रकम करिव ६२ प्रतिशत र चालु खर्च तर्फ ३८ प्रतिशत रहेको छ । आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण उपशिर्षकगत तथा खर्च शिर्षकगत समेत प्रदेश विनियोजन विधेयक २०७६ समेत पेश गरेको छु। साथै प्रदेश सरकारको मन्त्रालयगत प्रगति विवरण यसैसाथ पेश गरेको छु । आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकारबाट प्राप्त हुने समानिकरण अनुमान रु. ७ अरब ११ करोड २२ लाख सशर्त अनुदान रु. ५ अरब ३५ करोड १६ लाख, समपुरक अनुदान रु. ७५ करोड, विशेष अनुदान रु. ७५ करोड राजस्व बाँडफाँडबाट प्राप्त हुने रु. ७ अरब ७० करोड ५१ लाख रोयल्टी बापत प्राप्त हुने रु. ४० करोड आन्तरिक राजस्वबाट प्राप्त हुने रु. ३ अरब २७ करोड ७५ लाख व्यहोर्दा रु. ६ अरब ७३ करोड ८३ लाख ९२ हजार न्यून हुनेछ। सो न्यून पूर्ति गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च भई बाँकी रहने नगद मौज्दात रु. ४ अरब ८० करोड उपयोग गरिनेछ। राजस्व अनुमान र नगद मौज्दात उपयोग गर्दा पनि अपुग हुने खुद रु. १ अरब ९८ करोड ८३ लाख ९२ हजार न्यून हुन जानेछ। न्यून हुन जाने रु. ९८ करोड ८३ लाख ९२ हजार आन्तरिक ऋणबाट पनि व्यहोर्नु पर्छ आन्तरिक ऋणबाट अपुग हुँदा अपुग हुने रु. १ अरब नेपाल सरकारबाट ऋण लिइने छ।

सभामुख महोदय, अब म आर्थिक वर्ष २०७६/०७७ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु । प्रदेशका अधिकार क्षेत्र भित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजश्व वृद्धि गर्न कर तथा गैरकर राजश्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु । कर तथा गैर कर राजश्व संकलनका लागि प्रभावकारी बनाउन कानूनी तथा संस्थागत सुधार गरिने छ । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजश्व परिचालन गर्ने व्यवस्था मिलएको छु । सवारी साधन करको दरलाई सामान्य हेरफेर गरिएको छ। २०७६ चैत्र मसान्तसम्म अन्य प्रदेशमा दर्ता भई सवारी सञ्चालन गरेका सवारी धनीले यस प्रदेशका यातायात व्यवस्था कार्यालयमा दर्ता स्थानान्तरण अर्थात अञ्चलीकरण गर्न आएमा लाग्ने दर्ता शुल्क तथा सवारी करमा २५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु । साथै भन्सार विन्दुबाट आयात गर्दाकै बखत प्रदेश स्थित यातायात कार्यालयमा दर्ता हुन आएका सवारी धनीलाई समेत लाग्ने सवारी कर तथा दर्ता शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु।

राजस्व संकलनका लागि एकल कर शासन प्रशासन प्रणालीको अवलम्बन गरी स्थानीय तहसँगको समन्वयनमा कर तथा गैर कर संकलन तथा बाँडफाँड गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु । प्रदेश र स्थानीय तहको दोहोरो

अधिकार सूचिभित्र रहेका कर तथा गैरकर मध्ये सवारी साधनकर प्रदेशले र अन्य कर तथा गैरकर स्थानीय तहले संकलन गर्ने गरी एकल प्रशासनको व्यवस्थालाई निरन्तरता दिएको छु । प्रदेश सरकारका निकाय मार्फत संकलन भएको सवारी साधन कर मध्ये रु. ३५ करोड स्थानीय तहलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाएको छु । आगामी आर्थीक वर्षका लागि समेत घर जग्गा रजिष्टेशन शुल्क तर्फ सामान्य हेरफेर गरी चालु आर्थिक वर्षकै दरहरु कायम गरेको छु । स्थानीय तहमा हस्तान्तरण नहुन्जेल घर जग्गा रजिष्ट्रेशन शुल्क साविक बमोजिम मालपोत कार्यालयबाट संकलन गर्ने प्रवर्द्धन मिलाएको छु ।

कृषि आयमा लाग्ने करको दर साविक बमोजिम नै कायम गरेको छु । कृषि आयमा लाग्ने कर संकलन प्रदेश सरकारका कृषि ज्ञान केन्द्र मार्फत गर्ने व्यवस्था मिलाएको छु । रोडा, ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा लागाएतका ७२-७२ शुल्क विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ग ४-२ बाँडफाड खातामा जम्मा हुने र ६० प्रतिशत स्थानीय तहमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने साविकको व्यवस्थालाई निरन्तरता दिएको छु । प्रदेश सरकारको पर्यटन कार्यालय, पर्यटन सेवा केन्द्र र अन्य तोकिएका निकायबाट पर्यटन शुल्क सङ्कलन हुने व्यवस्था नभएसम्म स्थानीय तहमार्फत पर्यटन सेवा शुल्क सङ्कलन हुने व्यवस्था मिलाएको छु । मनोरञ्जन करका दर साविक बमोजिम नै कायम गरेको छु । स्थानीय तहले कर संकलन गर्ने गरि मनोरञ्जन कर लगाउने साविकको व्यवस्थालाई निरन्तरता दिएको छु । कर सम्बन्धी प्रस्ताव अर्थिक विधेयक २०७६ यसै साथ प्रस्तुत गरेको छु । कर सम्बन्धी प्रस्तव वि.सं. २०७६ साल साउन १ गतेबाट लागु हुने व्यवस्था मिलाएको छु ।

माननीय सभामुख महोदय, यो बजेटको कार्यान्वयनबाट उत्पादन र उत्पादकत्वमा सकारात्मक वृद्धि हुने थप आय तथा रोजगारीको अवसरमा वृद्धि हुने, गरिबी न्यूनीकरणमा सघाउ पुग्ने र समृद्धि प्रदेश निर्माणको आधारशिला खडा हुने विश्वास लिएको छु । बजेट तर्जूमाका लागि मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, माननीय सभामुख, माननीय मन्त्रीहरु, प्रदेश सभाका माननीय सदस्यहरु, स्थानीय तहका जनप्रतिनीधि, विभिन्न राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरीक समाज तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाह प्रति हार्दिक आभार प्रकट गर्दछु । यो बजेट कार्यान्वयनमा नेपाल सरकार स्थानीय तह, प्रदेश सरकारका सबै निकाय र सरोकारवालाको सहयोग प्राप्त हुने विश्वास लिएको छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असार १ गते अपरान्ह ५:४५ बजे सम्मको लागि स्थगित हुन्छ।